# नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारद्वारा धितोपत्र सम्बन्धी ऐन अन्तर्गत स्थापित)
# Securities Board of Nepal
(Established by the Government of Nepal under Securities Act)

## प्रेस विज्ञप्ती

**धितोपत्रको निष्काशन तथा बिक्री प्रबन्धक र धितोपत्र प्रत्याभूतिकर्ताको कार्यलाई थप व्यवस्थित गरिएको ।**

धितोपत्र व्यवसायी (मर्चेन्ट वैंकर) ले आफू आधारभूत शेयरधनी रहेको तथा आफ्नो मुख्य कम्पनीको धितोपत्रको निष्काशन तथा बिक्री प्रबन्ध सम्बन्धी कार्य गर्दा र धितोपत्रको सार्वजनिक निष्काशनमा उक्त निष्काशनको निष्काशन तथा बिक्री प्रवन्धकले धितोपत्रको प्रत्याभूति गर्दा स्वार्थ बाझिन सक्ने अवस्थालाई दृष्टिगत गरी मर्चेन्ट वैंकिङ्ग व्यवसायलाई स्वच्छ, स्वतन्त्र तथा पारदर्शी वनाउन देहाय अनुसारको व्यवस्था गर्न/गराउन परिपत्र गरिएको छ :

१. निष्काशन तथा विक्री प्रवन्धकले आफू आधारभूत शेयरधनी रहेको कम्पनीको धितोपत्रको निष्काशन तथा बिक्री प्रबन्ध सम्बन्धी कार्य नगर्ने ।
२. निष्काशन तथा बिक्री प्रबन्धकले आफ्नो मुख्य कम्पनीको निष्काशन तथा बिक्री प्रबन्ध सम्बन्धी कार्य नगर्ने ।
३. निष्काशन तथा विक्री प्रवन्धकले आफुले निष्काशन तथा विक्री प्रवन्धको कार्य गरेको धितोपत्रको सार्वजनिक निष्काशनमा धितोपत्रको प्रत्याभूति नगर्ने ।

उल्लेखित व्यवस्थावाट धितोपत्रको निष्काशन कार्य थप व्यवस्थित भई अझ स्वच्छ, स्वतन्त्र तथा पारदर्शी हुने वोर्डको अपेक्षा रहेको छ ।

मिति : २०७४।०८।०३

(निरज गिरी)
प्रवक्ता

Post Box No. : 9031, Jawalakhel, Lalitpur, Nepal
Phone : 00977-1-5000107, 5000162, 5000201, 5000102, 5541057, Toll Free No.: 1660-01-44433
Fax No : 5541058, Email : support@sebon.gov.np, Website : www.sebon.gov.np